# सिराहा जिल्ला अदालत

सिराहा

प.सं. ०७७/०७८ मितिः- २०७७।०६।०५

च.नं.

सूचना ! सूचना !! सूचना !!!

नेपाल सरकार मन्त्रि परिषदको निर्णय अनुसार मिति २०७७।०६।०१ गते देखी सार्वजनिक यातायात समेत संचालनमा आएको हुदाँ सर्वोच्च अदालतको मिति २०७७।२।१५ गतेको फैसालाको अधिनमा रही यस अदालतमा दायर भएका मुद्दाहरुको तारेख मिलान गर्ने तथा नयाँ मुद्दा दर्ता लगायत काम कारवाही सुचारु गरी सेवा प्रवाह गर्ने सन्दर्भमा अदालत र बारका पदाधिकारी समेत बिच मिति २०७७।०६।०५ मा भएको छलफल बाट समेत देहाय बमोजिम कामकरवाही गर्ने निर्णय भएको हुँदा सम्बन्धित सबैको जानकारीको लागी यो सूचना प्रकाशित गरिएको छ ।

१.कोभिड–१९ को प्रकोपलाई मध्यनजर राखी भिडभाड कम गर्न समेतको लागी फिरादपत्र विहान १० वजे देखी दिउसो २ बजे सम्म दर्ता गर्ने र अभियोग पत्र दिउसो २ बजे पछि मात्र दर्ता गर्ने ।

२.मिति २०७७।०६।०१ गते देखी सार्वजनिक यातायात खुलेको भएपनि यस अदालतको आन्तरिक व्यवस्थापन लाई मध्यनजर राखी मुद्दा तथा फैसला कार्यान्वयन तर्फका पक्षहरुको लागी तारेख मिलान र सेवा प्रवाहमा उपस्थित हुन निम्न बमोजिम व्यवस्था मिलाईएको हुँदा मिति २०७७।०६।०६ गते मंगलवार देखी ३० तीस दिन भित्र आ–आफ्नो तारेख मिलान गर्ने ।

## देहायको मितिमा तारेख रहेको व्यक्तिको देहाय बमोजिम तारेख लिने

१) २०७६।१२।०९ गते देखी ३० गते सम्मको तारेख २०७७।०६।६, ७
२) २०७७।०१।०१ गते देखी १५ गते सम्मको तारेख २०७७।०६।८,९
३) २०७७।१।१६ गते देखी ३० गते सम्मको तारेख २०७७।०६।११,१२
४) २०७७।०२।०१ गते देखी ३२ गते सम्मको तारेख २०७७।०६।१३,१४
५) २०७६।०३।०१ गते देखी ३२ गते सम्मको तारेख २०७७।०६।१५,१६
६) २०७७।०४।०१ गते देखी ३० गते सम्मको तारेख २०७७।०६।१८,१९
७) २०७७।०५।०१ गते देखी १० गते सम्मको तारेख २०७७।०६।२०,२१
८) २०७७।०५।११ गते देखी २० गते सम्मको तारेख २०७७।०६।२२,२३,२५
९) २०७७।०५।२१ गते देखी ३१ गते सम्मको तारेख २०७७।०६।२६,२७,२८
१०)२०७७।०५।३१ गते देखी बन्दाबन्दी अवधी सम्मको तारेख २०७७।०६।२९,३०

## अदालत प्रवेश सम्बन्धी विशेष व्यवस्था

- मुद्दाका पक्ष तथा कानूनी व्यवसायीहरुले तारेख वा अन्य कामकारवाहीका लागी उपस्थित हुँदा अनिवार्य मास्क लगाउनुपर्ने ।
- अदालतको ढोकावाट प्रवेश गर्ने बितिकै अदालतका कर्मचारीवाट थर्मल गनवाट ज्वरो नापी सावुनपानीले हात धोई वा स्यानीटाईजर गरी गराई आवश्यक भौतिक दुरी कायम राखी कामकारवाही गर्नुपर्नेछ ।
- कोभिड—१९को जोखिम तथा संक्रमणवाट सुरक्षित रहने तर्फ सरोकारवाला सबैले विशेष सजगता अपनाई सहयोग गरीदिनुहोला ।
- अदातलको सेवा प्रवाहमा कुनै अस्पष्टता र दुविधा भएमा यस अदालतको टोल फ्री नं.१६६०३३५२१२१ मा सम्पर्क गरी जानकारी लिन सक्नु हुनेछ ।